**गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल** **नेपाल नगरपालिका संघ**

मितिः २०७८।०८।२२

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरवार, काठमाडौं**

**विषयः ध्यानाकर्षण सम्बन्धमा**

प्रस्तुत सन्दर्भमा तहाँ मन्त्रालयको च.नं. १६० मिति २०७८।८।२१ को महालेखा परीक्षकको ५८ औं प्रतिवेदनमा उल्लेखित "उपभोक्ता समितिबाट काम नगराउनु" भन्ने आशयको विषयलाई कार्यान्वयन गर्न भनि सबै स्थानीय तहको लागि जारी पत्रमा यस महासंघको गम्भिर ध्यानाकर्षण भएको छ । प्रस्तुत परिपत्र विद्यमान कानुन विपरित रहेको, यसले स्थानीय तहमा हुने विकास निर्माणका कार्य ठप्प पार्ने र स्थानीय तहमाथी नै नकारात्मक सन्देश प्रवाह हुनेगरी भएको छ । उपरोक्त विषयमा गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघको देहायबमोजिमको धारणा सम्बन्धित सबैको जानकारी र सहजिकरणको लागि हार्दिक अनुरोध छ ।

- सदियौं देखि स्वयम उपभोक्ताहरु संगठित भै स्थानीय विकास निर्माणमा गरिरहेको योगदानलाई पुरै वेवास्ता गरी केही गलत अभ्यासहरुलाई मात्र आधार मानी अब उप्रान्त उपभोक्ता समितिबाट कुनै काम नगराउनु भन्ने आशयको महालेखाको प्रतिवेदन र सोही व्यहोरालाई कार्यान्वयन गर्नु भनी मन्त्रालयले गरेको परिपत्रले द्विविधा गराएको छ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) ले सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मुल्यको आधारमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागि गराई गर्न सक्ने व्यवस्था गरेको छ । सोही ऐनको नियमावली २०६४ को नियम ९७ ले रु. १ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा वा त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था गरेको छ ।
- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन) को दफा ४७ को उपदफा (३) ले संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी अधिकार स्वयम् स्थानीय तहलाई प्रदान गरिसकेको सन्दर्भमा उपभोक्ता समितिहरु संस्था दर्ता ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नुपर्ने प्रावधान कुनै पनि कानुनी र व्यवहारिक हिसाबले मिल्ने देखिदैन ।
- तसर्थ, महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेखित व्यवस्था र तहाँ मन्त्रालयले सोही व्यवस्थालाई कार्यान्वयन गर्न भनि गरिएको परिपत्र विद्यमान सार्वजनिक खरिद ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था र संघीयताकै मर्मत विपरित रहेको छ ।
- स्थानीय सरकारको सम्पर्क र सहजिकरण गर्ने मन्त्रालयको रुपमा रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अस्वभाविक, कानुनसम्मत नदेखिएका र अव्यवहारिक निर्देशन गर्ने संबैधानिक तथा संघीय निकायहरुसँग आवश्यक समन्वय गरी त्यस्ता निर्देशनहरुमा पुनरावलोकन गर्न सहजिकरण गरोस् भन्ने हाम्रो अपेक्षा रहेको छ । साथै मन्त्रालयले स्थानीय सरकारलाई परिपत्र गर्दा उपयुक्त विकल्प र सुझाव सहित गर्न समेत हार्दिक अनुरोध गर्दछौं ।
- साथै, महालेखा परीक्षकको प्रतिवेदनले औल्याएका विषयहरुलाई समेत सम्बोधन गर्नेगरी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ को दफा ४७ को उपदफा (३) बमोजिम संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी स्थानीय कानुन जारी गरी उपभोक्ता समितिको दर्ता तथा नियमन गर्नु नै उपयुक्त विपल्प देखिएकोले सोही बमोजिम गर्न/गराउन सबै गाउँपालिका/नगरपालिकाहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**होमनारायण श्रेष्ठ**
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

**अशोककुमार ब्याञ्जु श्रेष्ठ**
अध्यक्ष
नेपाल नगरपालिका संघ